National News

ALL INDIA RADIO GANGTOK

BROADCAST: 19:25 hrs Date: 19.05.2025

---

*प्रमुख समाचार-*

- *कृषि मन्त्री शिवराज सिंह चौहानले सिन्धु जल संधिलाई स्थगित गर्नाले राजस्थान, हरियाणा, पंजाब र हिमाचल प्रदेशका किसानहरूलाई लाभ प्राप्त हुने भन्नुभएकोछ। उहाँले देशभरिमा विकसित कृषि संकल्प अभियान शुरू हुने भन्नुभएकोछ।*
- *विदेश सचिव विक्रम मिस्रीले संसदको स्थायी समितिलाई भारत र पाकिस्तान बीच वर्तमान विदेश नीतिबारे जानकारी दिनुहुँदैछ।*
- *एक महत्वपूर्ण अभियान अन्तर्गत, पूजाब पुलिसले राष्ट्रीय सुरक्षालाई खतरामा पार्न सक्ने प्रयासलाई विफल पार्दै दुई व्यक्तिहरूलाई गिरफतार गरेकोछ।*
- *खेलो इंडिया बीच गेम्सको पहिलो संस्करण दीवको प्राचीन घोघला बीचमा शुरू भएकोछ।*
- *प्रधानमन्त्री नरेन्द्र मोदीले 25 मईका दिन आकाशवाणीमा मन की बात कार्यक्रममा देश र विदेशमा मानिसहरूसित आफना विचार साझा गर्नुहुनेछ।*

---

*एस जयशंकर- यूरोप यात्रा*

विदेश मन्त्री सुब्रहमण्यम जयशंकरले आज नीदरलैण्डको हेगमा रणनीतिक विशेषहरूसित बैठक पछी सोशल मिडिया पोस्ट मा उहाँले यो कुराकानी राम्रो भएको भन्नुभयो। यस अघि,उच्चयुक्त के आर तुहिन ने उहाँको स्वागत गर्नुभयो। श्री जयशंकर नीदरलैंड्स डेनमार्क र जर्मनीको छह दिवसीय यात्रामा हुनुहुन्छ। तीनै देशका नेतृत्वसित उहाँले भेट गर्नुहुनेछ। यी देशहरूका विदेश मन्त्रीहरूका साथ दिपक्षीय संबध तथा आपसी हितका क्षेत्रीय र वैश्विक मुद्दाहरूबारे श्री जयशंकरले छलफल गर्नुहुनेछ। यो यात्रा भारतको जारी कृतनीतिक गतिविधिहरूको एक भाग हो जसको उद्देश्य, रणनीतिक संबधहरूलाई पुगाढ़ पार्नु र प्रमुख यूरोपेली भागीदारहरूका साथ सहयोग बढ़ाउनु हो। जसमा रणनीतिक साझेदारी ब्यापार, लगानी र आपसी हितका क्षेत्रीय र वैश्विक मुद्दाहरूमा ध्यान केन्द्रिय गरिनेछ।

---

*गृह मन्त्री- OCI पोर्टल*

केन्द्रिय गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा नयाँ ओवरसीज सिटीजन अफ इंडिया- OCI पोर्टलको शुभारम्भ गर्नुभयो। वर्तमान कमीहरूलाई दूर गर्न अनि उपयोगकर्ता अनुभवलाई पहिले भन्दा राम्रो बनाउनका लागि यो पोर्टल शुरू गरिएको हो। गृह मन्त्रालयले भनेकोछ, पछिल्लो एक दशकमा महत्वपूर्ण तकनीकी प्रगति र OCI कार्डधारकहरूबाट प्राप्त प्रतिक्रिया पछी नयाँ OCI पोर्टल विकसित गरिएको हो।

---

*संशो सर्वोच्च न्यायालय- पेंशन*

स्र्वोच्च न्यायालयले एक महत्वपूर्ण फैसलामा के भनेकोछ भने, अपर न्यायाधीशहरू संपूर्ण पेंशन र सेवानिवृत्ती संबधी लाभ प्राप्त गर्ने अधिकारछ। शीर्ष न्यायालयले आज भनेकोछ, न्यायालयका पूर्व मुख्य न्यायाधीशहरूलाई पेंशनको तवरमा, वर्षेनी, 15 लाख रूपियाँ प्राप्त हुनेछ। यस्तो न गरिएको खंडमा यसलाई संविधानको अनुच्छेद- 14 अन्तर्गत समानताको अधिकारको उल्लंघन मानिनेछ।

शीर्ष न्यायालयका मुख्य न्यायाधीश- बि आर गवाई र न्यायामूर्ति अगस्टीन जार्ज मसीहको पीठले सवैलाई पेंशन दिइने भनेकोछ। जर्जहरूको नियुक्ति कहिले पनि भएको होस् अथवा उनीहरू अपर न्यायाधीशको तवरमा सेवानिवृत भएका हुन् कि उनीहरूलाई पछी स्थायी गरिएको ने किनन होस्।

---

*बिहार- चिराग पासनान*

केन्द्रिय खाद्य प्रसंस्करण उद्योग मन्त्री चिराग पासवानेल खाद्य प्रसंस्करणको क्षेत्रमा विकासका अपार संभावनाहरू रहेको, भन्नुभएकोछ। उहाँले भन्नुभयो, बिहारमा खाद्य प्रसंस्करण क्षेत्रसित जुड़ेका मानिसहरूले विकसित भारतमा योगदान दिनु स्क्छन्। श्री पासवानले पटनामा, ज्ञान भवनमा आयोजित एक सम्मेलनको बेला, यो कुरा भन्नुभयो। युवाहरूका लागि यस क्षेत्रमा धेरै अवसरहरू भएको उहाँले भन्नुभयो।

---

*सेना प्रमुख- समीक्षा*

थल सेनाध्यक्ष जनरल उपेन्द्र द्रिवेदीले आज राजस्थानमा लौगेवाला अग्रिम चौकीहरूको दौड़ाहा गर्नुभयो। कोणार्क कोरका सैनिकहरूका साथ भएको कुराकानीमा सेना प्रमुखले आंपरेशन सिन्दूरको बेला, उनीरूको अनुकरणीय भूमिकाका लागि सैनिकहरूलाई बधाई दिनुभयो। जनरल द्रिवेदीले भारतीय वायु सेना र सीमा सुरक्षा बलको समन्वयमा गरिएका संयुक्त कार्रवाईहरूको समीक्षा पनि गर्नुभयो।

---

*प्रधानमन्त्री- मन की बात*

प्रधानमन्त्री नरेन्द्र मोदीले 25 मईका दिन आकाशवाणीमा, मन की बाट कार्यक्रममा देश र विदेशका मानिसहरूका साथ, आफ्ना विचारहरू साझा गर्नुहुनेछ। मासिक रेडियो कार्यकर्मको यो 122 औं श्रंखला हुनेछ। मानिसहरूले आफ्ना विचार र सुझाउहरू, टोल फ्रि नम्बर 1800-11-7800 मार्फत प्रस्तुत गर्न सक्छन्। नरेन्द्र मोदी ऐप अथवा आई गोव ओपन फोरममा पनि उनीहरूले आफ्ना विचारहरू साझा गर्नेछन्। सुझावहरू यो महिनाको 23 तारीक सम्म स्वीकार गरिनेछन्।

---

*चौहान- विकसित कृषि अभियान*

केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानले, देशभरिमा विकसित कृषि संकल्प अभियान शुरू हुने भन्नुभएकोछ। अभियान, 29 मई देखि शुरूभएर 12 जून सम्म चल्नेछ। यसको उद्देश्य, किसानहरूलाई कृषि संबधी उन्नत तकनीक र बीचहरू बारे जानकारी प्रदान गर्नु हो। नयाँ दिल्लीमा एक संवाददाता सम्मेलनमा श्री सिंहले भन्नुभयो, देशभरिका 723 जिल्लाहरूमा यो अभियान चलाइनेछ र यसले लगभग डेढ़ करोढ़ किसानहरू लाभान्वित हुनेछन्। उहाँले भन्नुभयो, कृषि वैज्ञानिकहरूको एउटा टोलीले, झण्डै 65 हजार गाँउहरूमा गई किसानहरूलाई वैज्ञानिक कृषिको व्यावहारिक जानकारी दिनेछ।

---

*लेह- रिजिजू*

संसदीय कार्य एवं अल्पसंख्यक मामिलाका केन्द्रिय मन्त्री किरेन रिजिजूले आज लेहको दौड़ाहा गर्नु भयो। उहाँले भन्नुभयो, केन्द्र द्वारा स्थापित बहुपक्षीय संसदीय समितिले विदेशको दौड़ाहा गरि विश्वका नेताहरूलाई ओपरोशन सिन्दूर बारे तथा भारतको आतंकवादसित सामा गर्ने प्रतिबद्धताबारे अवगत गराउनेछ। उहाँले लेहमा श्रद्धान्जली पार्कमा 19 औं ग्याल कुशोक बकुला रिनपोचेको प्रतिमाको अनावरण गर्दै सो कुरा भन्नुभयो। बकुला रिनपोचे लद्धाखका प्रमुख सांस्कृतिक, धार्मिक र राजनीतिक नेता अनि संप्रेषक पनि हुनुहुन्थ्यो। 1988 मा उहाँलाई पद्म भूषणले सम्मानित गरिएको थियो।

---

*शिवराज सिंधु जल संद्धि*

कृषि मन्त्री शिवराज सिंह चौहानले सिंधु जल संधिलाई स्थगित गर्नाले राजस्थान, हरियाणा, पंजाब र हिमाचल प्रदेशका किसानहरूलाई लाभ प्राप्त हुने, भन्नुभएकोछ। कृषि मन्त्रीले आज नयाँ दिल्लीमा देशभरिका किसानहरूका विभिन्न समूहहरूका साथ कुराकानीमा सो कुरा भन्नुभयो। उहाँले सिंधु जल संधि लाई स्थगित गर्ने निर्णय ऐतिहासिक भएको भन्नुभयो।

---

*विदेश सचिव ब्रिफींग*

विदेश सचिव विक्रम मिस्रीले संसदको स्थायी समितिलाई भारत र पाकिस्तान बीच वर्तमान विदेश नीकिबारे जानकारी दिनुहुँदैछ। कँग्रेस सांसद शशि थरूरको अध्यक्षता भएको समितिलाई श्री मिस्रीद्वारा ओपरेशन सिन्दूर र पाकिस्तानमा साथ संघर्षविरामको घोषणा संबधी जानकारी दिइने संभावनाछ।

---

*पंजाब- जासूस*

एक महत्वपूर्ण अभियान अन्तर्गत पेजाब पुलिसले राष्ट्रीय सुरक्षालाई खतरा उत्पन्न गर्ने प्रयासलाई विफल पार्दै, दुई व्यक्तिहरूलाई पकाउ गरेकोछ। उनीहरूले सम्वेदनशील सैन्य जानकारी लीक गरि रहेका थिए। पुलिस टीमले उनीहरूबाट तीन मोबाईल फोन र कारतूस पनि फेला पारेकोछ।

---

*खेलो इंडिया- बीच*

खेलो इंडिया बीच गेम्सको पहिलो संस्करण आज दीवको प्राचीन घोघला बीचमा शुरूहुनेछ। यसमा देशभरिबाट एक हजार भन्दा बढ़ि खेलाड़ीहरूले छह दिन सम्म छह पदक र दुई प्रदर्शन खेलहरूमा भाग लिनेछन्। शनिवार कार्यक्रमको समापन हुनेछ।

---

*अन्त्यमा प्रमुख समाचार फेरि एकपल्ट*

- *कृषि मन्त्री शिवराज सिंह चौहानले सिन्धु जल संधिलाई स्थगित गर्नाले राजस्थान, हरियाणा, पंजाब र हिमाचल प्रदेशका किसानहरूलाई लाभ प्राप्त हुने भन्नुभएकोछ। उहाँले देशभरिमा विकसित कृषि संकल्प अभियान शुरू हुने भन्नुभएकोछ।*
- *विदेश सचिव विक्रम मिस्रीले संसदको स्थायी समितिलाई भारत र पाकिस्तान बीच वर्तमान विदेश नीतिबारे जानकारी दिनुहुँदैछ।*
- *एक महत्वपूर्ण अभियान अन्तर्गत, पूजाब पुलिसले राष्ट्रीय सुरक्षालाई खतरामा पार्न सक्ने प्रयासलाई विफल पार्दै दुई व्यक्तिहरूलाई गिरफतार गरेकोछ।*
- *खेलो इंडिया बीच गेम्सको पहिलो संस्करण दीवको प्राचीन घोघला बीचमा शुरू भएकोछ।*

- *प्रधानमन्त्री नरेन्द्र मोदीले 25 मईका दिन आकाशवाणीमा मन की बात कार्यक्रममा देश र विदेशमा मानिसहरूसित आफना विचार साझा गर्नुहुनेछ।*